तालिका २

| सं. | बजेट बुँदा (आ.व. २०७९।८०) | बजेटसँग सम्बन्धित प्रगति विवरण |
|---|---|---|
| १७५ | राज्यको अभिभाराः एक घर एक धारा अभियान साकार पार्न प्रदेश र स्थानीय तहसँगको सहकार्यमा खानेपानी आयोजना सञ्चालन गरिनेछ। यो कार्यक्रम दलितहरूको उच्च घनत्व रहेको वस्तीहरूमा प्राथमिकताका साथ सञ्चालन गरिने । | एक घर एक धारा अभियान निरन्तर रूपमा कार्यान्वयन हुने अवधारणा हो । यस अघि सामुदायिक धाराको अवधारणामा खानेपानी आयोजनाहरू सञ्चालन भईरहेको अवस्था थियो । हाल विभाग तथा प्रदेश अन्तर्गत सञ्चालित खानेपानी आयोजनाहरू सबै एक घर एक धारा नीतिमा निर्माण भईरहेको र आयोजना निर्माण गर्दा आयोजना भित्रका सबै दलित गैह्र दलित बस्ती समेट्ने गरिएको छ । आयोजना सम्पन्न हुँदा दलित लगायतको तथ्याङ्क नछुट्टयाइ समग्र लाभान्वित जनसंख्याको लिने गरिएको छ ।<br>WASH प्रणाली मार्फत हालसम्म ११ लाख ३१ हजार ७ सय ९८ घरधुरीको तथ्याङ्क प्रविष्ट भई ती घरधुरीहरूको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी विवरण अद्यावधिक भएको । |
| १७६ | मेलम्ची खानेपानी आयोजनाबाट काठमाडौंमा खानेपानी वितरण कार्य शुरू भइसकेको। मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको आधारमा मेलम्ची खानेपानी आयोजनाको भरपर्दो पानी पथान्तरणको व्यवस्था मिलाइने। याङ्ग्री र लार्के खोलाबाट मेलम्ची खानेपानी वितरण प्रणालीमा पानी आपूर्ति गर्ने योजना कार्यान्वयन गरिने। दोस्रो चरणको काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत चक्रपथ बाहिरका थप क्षेत्रहरूमा मेलम्ची खानेपानी वितरणका लागि पाइप लाइन विछ्याउने कार्य शुरू गर्न रू. १ अर्व ९२ करोड विनियोजन गरेको छु । | • मेलम्ची खोलामा आएको बाढी/पहिरोका कारण अवरूद्ध हुन पुगेको मेलम्ची खानेपानी आयोजनामा २०७९ मंसिर १२ गते देखि अस्थायी रुपमा पानी पथान्तरण गरी प्रशोधन पश्चात काठमाण्डौं उपत्यकामा वितरणका लागी दैनिक १७ करोड लिटर पानी उपलब्ध गराउँदै आएकोमा यस वर्षको मनसुनको सम्भाव्य जोखिमलाई मध्यनजरमा राख्दै पानी पथान्तरण गर्ने कार्य रोकिएको।<br>• हाल पनि अस्थायी रूपमा पानी पथान्तरण गर्ने गरिएको ।<br>• मेलम्ची खानेपानी आयोजनाको दिगो सञ्चालनका लागि एसियाली विकास बैंकको सहयोगमा क्यानेडियन परामर्शदाताबाट अध्ययन कार्य सम्पन्न गराई Concept |

| क्र.सं. | बजेट बुँदा (आ.व. २०७९।८०) | बजेटसँग सम्बन्धित प्रगति विवरण |
|---|---|---|
| | | Design प्राप्त भएको । उक्त Concept माथि विभिन्न सरोकारवालाहरूसँग छलफल भईरहेको ।<br>• याङ्री र लार्केमा भएको अध्ययनको पुनरावलोकन भईरहेको र यो आयोजनाको निर्माण कार्यमा सहयोग गर्न एसियाली विकास बैंकसँग अनुरोध भईरहेको ।<br>• कीर्तिपुर, भक्तपुर, ठिमि, पेप्शिकोला, जोरपाटी) NORTH SOUTH), कपन, बौध्द तथा चाबहिल क्षेत्रमा पाइपलाइन बिछ्याउने कार्यको विस्तृत अध्ययन कार्य सम्पन्न भएको तर एसियाली विकास बैंकसँग वित्तिय सम्झौता हुन नसक्दा कार्य अगाडि बढ्न नसकेको ।हाल सो कार्यका लागि एसियाली विकास बैंकसँग छलफल भईरहेको । |
| १७७ | मेलम्ची खानेपानी विकास समिति र ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति खारेज गरिएको छ। यी समितिहरूबाट सम्पादन हुँदै आएका कार्यहरू खानेपानी तथा ढल व्यवस्थापन विभाग मातहतबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | • ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति अन्तर्गतका सम्पूर्ण सम्पत्ति, दायित्व खानेपानी तथा ढल व्यवस्थापन विभागमा हस्तान्तरण भई विधिवत रूपमा समितिको बाँकी कामहरू बिभागबाट गर्न शुरू गरिएको ।<br>• हस्तान्तरणको अन्तिम प्रतिवेदन तयार भईरहेकोले प्रतिवेदन प्राप्त हुनासाथ खारेजीको सूचना राजपत्रमा प्रकाशित हुने ।<br>• आयोजनाको ठेक्का व्यवस्थापन, निर्माण व्यवसायीसँगको मध्यस्थता जस्ता कार्य बाँकी रहेकाले समितिको आवश्यकतालाई मध्यनजर राख्दै मेलम्ची खानेपानी बिकास समिति गठन आदेश, २०७९ स्वीकृत भएको । |
| १७९ | सबै स्थानीय तहको सरसफाइ गुरूयोजना तयार गर्ने नीतिअनुरुप आगामी आर्थिक वर्ष थप १०० वटा स्थानीय तहको सरसफाइ | • अर्थ मन्त्रालयले परामर्श सेवामा विनियोजित बजेट रोक्का गरेकाले स्थानीय तहको सरसफाइ गुरूयोजना तयारी कार्य शुरू गर्न नसकिएको । |

| क्र.सं. | बजेट बुँदा (आ.व. २०७९।८०) | बजेटसँग सम्बन्धित प्रगति विवरण |
|---|---|---|
| | गुरूयोजना तयार गरिनेछ। एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत देशका विभिन्न १२ वटा शहरहरूमा एकीकृत खानेपानी तथा फोहोरपानी प्रशोधन आयोजनाहरूको विस्तृत अध्ययन सम्पन्न गरिनेछ। विभिन्न शहरहरूमा ढल निकासको उचित प्रबन्ध गर्न रु. २ अर्ब ४४ करोड बजेट विनियोजन गरेको छु। | • NWASH प्रणाली मार्फत भने १६९ स्थानीय पालिकाहरे आफ्नो WASH Plan तयार गरेको ।<br>• १२ वटा शहरहरुमा एकीकृत खानेपानी तथा फोहोरपानी प्रशोधनको विस्तृत अध्ययन को Draft प्रतिवेदन प्राप्त भईसकेको ।<br>• भरतपुर, नेपालगञ्ज, धनगढी लगायतको विस्तृत अध्ययन प्रतिवेदन प्राप्त भईसकेको ।<br>• आ.व. २०७९।८० मा खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत सञ्चालित आयोजनाहरूबाट ढल सम्बन्धी ३, वर्षातको पानी व्यवस्थापनको १ तथा सरसफाइ सम्बन्धी १ वटा गरी ५ वटा आयोजनाहरू सम्पन्न भई करिव ९३ हजार जनसंख्या लाभान्वित भएको । |
| १८३ | खानेपानी आपूर्ति प्रणालीलाई दिगो बनाउन प्रदेश र स्थानीय तहसँगको सहकार्यमा साना खोल्सी र मूल संरक्षण अभियान सञ्चालन गरिनेछ। स्थानीय सरकारको सहजीकरणमा अधिकतम एक हजार घरधुरी लाभान्वित हुने खानेपानी आयोजना स्थानीय जनसहभागिता मार्फत कार्यान्वयन गरिनेछ। पूर्व स्वीकृति लिई जनसहभागितामा उपभोक्ताहरूले खानेपानी योजना निर्माण गरेमा गुणस्तर र आयोजनाको दिगोपन मूल्याङ्कन गरी लागतको अधिकतम ८० प्रतिशतसम्म भुक्तानी दिने व्यवस्था मिलाइनेछ। | • खानेपानी तथा ढल व्यवस्थापन विभागबाट श्रोत संरक्षण कार्यलाई प्राथमिकता दिएको छ । ठूला आयोजनाहरूमा श्रोत तथा मुल संरक्षण सम्बन्धी कम्पोनेन्ट समावेश गर्ने गरिएको छ । काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले पनि काठमाडौं उपत्यकाभित्रका श्रोतहरूको संरक्षण गर्ने कार्य गरिरहेको छ ।<br>• विभाग अन्तर्गत स्थानीय जनसहभागितामा एक हजार घर लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन नभएको र ठूला तथा जटिल आयोजनाहरू निर्माण व्यवसायीमार्फत कार्यान्वयन भईरहेकोले संघीय स्तरमा यस किसिमको कार्यान्वयन नहुने भएकोले कार्यविधि तयार नगरिएको । |

ख) प्रत्यायोजित विधायन सम्बन्धमा

विकास समिति ऐन, २०१३ अन्तर्गत गठित मेलम्ची खानेपानी विकास समिति गठन/विगठन हुँदै लामो समयदेखि सञ्चालनमा रहेको छ। मेलम्ची खानेपानी योजनाको उद्देश्य र सञ्चालन अवधि अनुसार यो संस्था ऐनद्वारा नै गठन गर्ने सम्बन्धमा।

आवश्यकता र औचित्यका आधारमा मेलम्ची खानेपानी विकास समिति २०७९ गठन आदेश नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको छ। मेलम्ची खानेपानी आयोजना अन्तर्गतका सवै ठेक्काहरू टुँगोमा नपुगिसकेको, ठेक्काको व्यवस्थापन बाँकी रहेको, आयोजनाको तत्कालीन निर्माण व्यवसायी सिएमसी रू. ७ अर्व १३ करोड दावी सहित मध्यस्थतामा गएको सबै कारणले गर्दा यि समस्या समाधान नहुञ्जेल तथा मेलम्ची खानेपानी आयोजनाको पहिलो चरणको कार्य पूर्ण रूपमा सम्पन्न नहुञ्जेलका लागि केही वर्षको निम्ति मेलम्ची खानेपानी विकास समिति २०७९ गठन गरिएको।